# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुढेचुङ, धादिङ
बागमति प्रदेश, नेपाल


पत्र सङ्ख्याः २०७९/०८०
चलानी नं. २२८२

मितिः २०७९/१२/०६

**विषयः जानकारी तथा निर्देशन सम्वन्धमा ।**

श्री वडा अध्यक्ष ज्यू लगायत वडा समिति सदस्य ज्यूहरु,वडानं. १ देखि ७ सबै
सिद्धलेक गाउँपालिका धादिङ ।

प्रस्तुत विषयमा संविधान अनुसार स्थानीय तहको एकल अनुसूचि ८, साझा अधिकार, अनुसूची ९, स्थानिय सरकार संचालन ऐन २०७४, कार्याविस्तृतिकरण २०७३ अनुसार स्थानीय तहका ३५५ वटा अधिकार तथा कार्यक्षेत्र र संघीय, प्रादेशिक कानूनका मापदण्ड प्रावधान र हाम्रो गाउँपालिकाको निर्माण गरेका ऐन, नियम,कार्यविधी, निर्देशिका,आचरण,मापदण्ड, र समय समयमा गाउँसभा र कार्यपालिकाले गरेको निर्णय आदी विषयमा तापाईहरु अवगत र जानकार नै हुनुहुन्छ । स्थानीय स्तर वडा तहवाट कार्य सम्पादन गर्दा (निर्णय, सिफारिस र अन्य ) उल्लेखित प्रचलित अधिकार र कानून भित्र रही सेवा प्रवाहलाई निरन्तरता दिनुहनको साथै विशेष गरी स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ११ गाउँपलिका र नगरपालिकाको अधिकार भित्रका कार्य, दफा १२ वडा समितिको काम,कर्तव्य र अधिकार , दफा ९७ गाउँपालिकाको क्षेत्रभित्रको सम्पतीको संरक्षण, दफा ११४ संघीय सरकारले दिएका निर्देशनको पालना (जुन समय समयका मन्त्रालय र नियमनकारी निकायका परिपत्र निर्देशन छन् । ) गर्ने साथै दफा १२ को (ख) अनुसार वडा भित्रको तथ्याङ्क अद्यावधिक तथा संरक्षण कार्यलाई समेत विशेष जोड दिई अभिलेख व्यवस्थापन गर्नुहुन र सो को विवरण तथा जानकारी आगामी गाउँसभा हुनु अगाडी २०८० जेष्ठ मसान्त भित्र उपलब्ध गराई ( जसबाट गाउँपालिकालाई जोखिम तथा संवेदनशील क्षेत्रको जानकारी भई विशेष संरक्षण हुने) गाउँपालिकाबाट सो समयमा बन्ने नीति, कानून, कार्यविधि, मापदण्ड, निर्माणमा सहयोग पुऱ्याउनु हुन जानकारी तथा निर्देशन गर्दछु ।

२०७९/१२/०६
(परशुराम खतिवडा)
अध्यक्ष

परशुराम खतिवडा
अध्यक्ष

**बोधार्थ**
श्री वडा कार्यालय १ देखि ७ सबै ( जानकारीको लागि)
श्री ऐन कार्यविधि निर्माण नव गठित कार्यदल, सिद्धलेक गाउँपालिका, धादिङ ।
श्री सूचना प्रविधि शाखा, वेभसाईटमा राखिदिनुहुन तथा वडालाई मेल गरिदिनुहुन ।




Scanned with CamScanner